☎ ०७८-५४०१७०, ५४१११६ फ्याक्स : ०७८-५४०४१५
E-mail : info@kawasotimun.gov.np
Website : kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश, नेपाल

च.नं.: ५९२
प.सं.: २०८२/०८३

मिति : २०८२/०५/१७
ने.सं. : ११४५ गलाथ्व, १० मंगलबार

**विषय : जापानिज इन्सेफलाइटिस रोकथाम सम्बन्धमा ।**

**श्री : वडा कार्यालय (सबै)**
**कावासोती नगरपालिका ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू.) को मिति २०८२/०५/१६ गतेको पत्रानुसार यस जिल्लामा समेत जापानिज इन्सेफलाइटिस रोग हालसम्म १२ जनामा पुष्टि भएको, एक जना पुरुष र २ जना महिला गरी ३ जनाको दुःखद निधन समेत भैसकेको तथा कावासोती नगरपालिकामा ३ जना महिला र २ जना पुरुष गरी ५ जनामा संक्रामण देखिएको जानकारी प्रदेश जनस्वास्थ्य कार्यालयबाट प्राप्त भएकोले यसको रोकथामको लागि तहाँ वडा कार्यालय मार्फत् टोलसुधार संस्थाहरुलाई तपसिल अनुसार बच्ने उपायहरु अवलम्बन गर्न/गराउनु हुन जानकारी गरिन्छ ।

**तपसिल :**

- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो ।
- हाँस, कुखुरा, सुँगुर-बँगुर, घोडा जस्ता घरपालुवा चरा-चुरुङ्गी तथा जनावरहरुलाई व्यवस्थित ढंगले घरदेखि टाढा राखेर सुरक्षित तरिकाले पाल्ने गरौं ।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पुरा बाहुला भएको लुगा लगाऔं ।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरी पानी जम्ने खाल्टा-खुल्टी पुरी दिने गरौं ।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौं ।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौं ।
- आ-आफ्नो घर चोक आँगन, पाटी पौवा, विद्यालय, मठमन्दिर आदि स्थानमा सर-सफाई अभियान नियमित संचालन गर्ने गरौं ।

८२/५/१६

..............................
महेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

E-mail : kawasotimunicipality2014@gmail.com

CamScanner